# विराटनगर महानगरपालिका

नेपालको संविधानको धारा २२३ र २२४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ एवम् कोशी प्रदेश, गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ बमोजिम आज मिति २०८१/०३/१० गते विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सभाहलमा प्रमुख श्री नागेश कोइरालाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगरसभा सदस्यहरुको उपस्थितिमा विराटनगर महानगरपालिका, नगरसभाको चौधौं अधिवेशनको बैठक बसियो ।

| क.सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री नागेश कोइराला | अध्यक्ष (प्रमुख) | |
| २ | श्री शिल्पा निराला कार्की | उपाध्यक्ष (उप-प्रमुख) | |
| ३ | श्री काजी बहादुर बस्नेत | सदस्य, (वडा अध्यक्ष, वडा नं. १) | |
| ४ | श्री कुमार पोखरेल | सदस्य, (वडा अध्यक्ष, वडा नं. २) | |
| ५ | श्री बासु बहादुर बस्नेत | सदस्य, (वडा अध्यक्ष, वडा नं. ३) | |
| ६ | श्री जितन थापा | सदस्य, (वडा अध्यक्ष, वडा नं. ४) | |
| ७ | श्री सन्तोष न्यौपाने | सदस्य, (वडा अध्यक्ष, वडा नं. ५) | |
| ८ | श्री हरिशचन्द्र सहनी | सदस्य, (वडा अध्यक्ष, वडा नं. ६) | |
| ९ | श्री मधुबाबु तिवारी | सदस्य, (वडा अध्यक्ष, वडा नं. ७) | |
| १० | श्री राम पोखरेल | सदस्य, (वडा अध्यक्ष, वडा नं. ८) | |
| ११ | श्री विश्वनाथ प्रसाद भगत | सदस्य, (वडा अध्यक्ष, वडा नं. ९) | |
| १२ | श्री अर्जुन गिरी | सदस्य, (वडा अध्यक्ष, वडा नं. १०) | |
| १३ | श्री तिर्थेन्द्र नेउपाने | सदस्य, (वडा अध्यक्ष, वडा नं. ११) | |
| १४ | श्री हीरालाल कामत | सदस्य, (वडा अध्यक्ष, वडा नं. १२) | |
| १५ | श्री सूर्यलाल यादव | सदस्य, (वडा अध्यक्ष, वडा नं. १३) | |
| १६ | श्री सूर्यनारायण महतो | सदस्य, (वडा अध्यक्ष, वडा नं. १४) | |
| १७ | श्री प्रकाश साह | सदस्य, (वडा अध्यक्ष, वडा नं. १५) | |
| १८ | श्री उद्धव कुमार भुजेल | सदस्य, (वडा अध्यक्ष, वडा नं. १६) | |
| १९ | श्री समिम कमर मियाँ | सदस्य, (वडा अध्यक्ष, वडा नं. १७) | |
| २० | श्री जीतेन्द्र कुमार शाह | सदस्य, (वडा अध्यक्ष, वडा नं १८) | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २१ | श्री श्याम घिमिरे | सदस्य, (वडा अध्यक्ष, वडा नं. १९) | |
| २२ | श्री सम्तली देवी विश्वास | सदस्य, (नगर कार्यपालिका सदस्य) | |
| २३ | श्री कमला श्रेष्ठ | सदस्य, (नगर कार्यपालिका सदस्य) | |
| २४ | श्री तारा कुमारी राय | सदस्य, (नगर कार्यपालिका सदस्य) | |
| २५ | श्री सरिता घिमिरे नेपाल | सदस्य, (नगर कार्यपालिका सदस्य) | |
| २६ | श्री खुश्बु विश्वकर्मा | सदस्य, (नगर कार्यपालिका सदस्य) | |
| २७ | श्री ओम प्रकास कुमार शाह | सदस्य, (नगर कार्यपालिका सदस्य) | |
| २८ | श्री दिपक कुमार कर्ण | सदस्य, (नगर कार्यपालिका सदस्य) | |
| २९ | श्री सन्जीव कुमार शाह | सदस्य, (नगर कार्यपालिका सदस्य) | |
| ३० | श्री लक्ष्मी देवी राइनी | सदस्य, (महिला वडा सदस्य, वडा नं. १) | |
| ३१ | श्री मोहन कर्ण कार्की | सदस्य, (वडा सदस्य, वडा नं. १) | |
| ३२ | श्री सुशिल गुभाजु | सदस्य, (वडा सदस्य, वडा नं. १) | |
| ३३ | श्री आशा राउत | सदस्य, (महिला वडा सदस्य, वडा नं. २) | |
| ३४ | श्री मेनुका परियार | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. २) | |
| ३५ | श्री दीपक प्रधान | सदस्य, (वडा सदस्य, वडा नं. २) | |
| ३६ | श्री शेर सिंह दुगड | सदस्य, (वडा सदस्य, वडा नं. २) | |
| ३७ | श्री मालिका निरौला | सदस्य, (महिला वडा सदस्य, वडा नं. ३) | |
| ३८ | श्री अरुणा परियार | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. ३) | |
| ३९ | श्री सुरज न्यौपाने | सदस्य, (वडा सदस्य, वडा नं. ३) | |
| ४० | श्री ढुण्डीराज पोखरेल | सदस्य, (वडा सदस्य, वडा नं. ३) | |
| ४१ | श्री उषा देवी मेहत्तर | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं.४) | |
| ४२ | श्री रंजित गिरी | सदस्य, (वडा सदस्य, वडा नं. ४) | |
| ४३ | श्री अन्जु दाहाल गौतम | सदस्य, (महिला वडा सदस्य, वडा नं. ५) | |
| ४४ | श्री राधा देवी पासवान | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं.५) | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ४५ | श्री रोम बहादुर भट्टराई | सदस्य, (वडा सदस्य, वडा नं. ५) | |
| ४६ | श्री सूर्यलाल उराउ | सदस्य, (वडा सदस्य, वडा नं. ५) | |
| ४७ | श्री निर्मला कार्की | सदस्य, (महिला वडा सदस्य, वडा नं. ६) | |
| ४८ | श्री आशा देवी पासवान | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. ६) | |
| ४९ | श्री विनोद काजी श्रेष्ठ | सदस्य, (वडा सदस्य, वडा नं. ६) | |
| ५० | श्री लिला प्रधान | सदस्य, (महिला वडा सदस्य, वडा नं. ७) | |
| ५१ | श्री गिता कुमारी विश्वकर्मा | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. ७) | |
| ५२ | श्री कल्याण लामिछाने | सदस्य, (वडा सदस्य, वडा नं. ७) | |
| ५३ | श्री जीतेन्द्र अग्रवाल | सदस्य, (वडा सदस्य, वडा नं. ७) | |
| ५४ | श्री पवित्रा विश्वकर्मा | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं.८) | |
| ५५ | श्री भुनेश्वर राजवंशी | सदस्य, (वडा सदस्य, वडा नं. ८) | |
| ५६ | श्री म.अब्बास मियाँ | सदस्य, (वडा सदस्य, वडा नं. ८) | |
| ५७ | श्री रुपा देउजा | सदस्य, (महिला वडा सदस्य, वडा नं. ९) | |
| ५८ | श्री पिंकी पासवान | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं.९) | |
| ५९ | श्री रियाज अहमद | सदस्य, (वडा सदस्य, वडा नं. ९) | |
| ६० | श्री आदित्य तुलाधर | सदस्य, (वडा सदस्य, वडा नं. ९) | |
| ६१ | श्री सुनिता पोखरेल | सदस्य, (महिला वडा सदस्य, वडा नं. १०) | |
| ६२ | श्री भारती रम्तेल | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. १०) | |
| ६३ | श्री देबु मण्डल | सदस्य, (वडा सदस्य, वडा नं. १०) | |
| ६४ | श्री विजय दाहाल | सदस्य, (वडा सदस्य, वडा नं. १०) | |
| ६५ | श्री गायत्री थापा | सदस्य, (महिला वडा सदस्य, वडा नं. ११) | |
| ६६ | श्री गेना देवी पासवान | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. ११) | |
| ६७ | श्री कृष्ण प्रसाद भट्टराई | सदस्य, (वडा सदस्य, वडा नं. ११) | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ६८ | श्री बलराम कारंजीत | सदस्य, (वडा सदस्य, वडा नं. ११) | |
| ६९ | श्री प्रमिला राजवंशी | सदस्य, (महिला वडा सदस्य, वडा नं. १२) | |
| ७० | श्री देवी विश्वकर्मा | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. १२) | |
| ७१ | श्री राजेश सरदार थारु | सदस्य, (वडा सदस्य, वडा नं. १२) | |
| ७२ | श्री कुशेश्वर राजवंशी | सदस्य, (वडा सदस्य, वडा नं. १२) | |
| ७३ | श्री गौरी कुमारी बैश्य | सदस्य, (महिला वडा सदस्य, वडा नं. १३) | |
| ७४ | श्री जानकी देवी खंग | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. १३) | |
| ७५ | श्री कैलाश पति देव | सदस्य, (वडा सदस्य, वडा नं. १३) | |
| ७६ | श्री पुनम देवि राम | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. १४) | |
| ७७ | श्री बासुदेव शर्मा दुलाल | सदस्य, (वडा सदस्य, वडा नं. १४) | |
| ७८ | श्री दिना कुमार यादव | सदस्य, (वडा सदस्य, वडा नं. १४) | |
| ७९ | श्री विनिता कुमारी रेग्मी | सदस्य, (महिला वडा सदस्य, वडा नं. १५) | |
| ८० | श्री अमृता तत्मा | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. १५) | |
| ८१ | श्री मोहन कुमार मल्ल | सदस्य, (वडा सदस्य, वडा नं. १५) | |
| ८२ | श्री इमत्याज अन्सारी | सदस्य, (वडा सदस्य, वडा नं. १५) | |
| ८३ | श्री यज्ञ कला अधिकारी | सदस्य, (महिला वडा सदस्य, वडा नं. १६) | |
| ८४ | श्री राधा देवी तत्मा | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. १६) | |
| ८५ | श्री कविर तामांग | सदस्य, (वडा सदस्य, वडा नं. १६) | |
| ८६ | श्री राजेन्द्र प्रसाद कामत | सदस्य, (वडा सदस्य, वडा नं. १६) | |
| ८७ | श्री चुलिया देवी साह | सदस्य, (महिला वडा सदस्य, वडा नं. १७) | |
| ८८ | श्री बसन्ती देवी पासवान | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. १७) | |
| ८९ | श्री महमद मन्जर आलम | सदस्य, (वडा सदस्य, वडा नं. १७) | |
| ९० | श्री जाकिर आलम | सदस्य, (वडा सदस्य, वडा नं. १७) | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ९१ | श्री दुरिया यादव | सदस्य, (महिला वडा सदस्य, वडा नं. १८) | दुरिया |
| ९२ | श्री ललिता देवी तत्मा | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. १८) | ललिता |
| ९३ | श्री महेश कुमार मण्डल | सदस्य, (वडा सदस्य, वडा नं. १८) | [signature] |
| ९४ | श्री गौरव मण्डल धानुक | सदस्य, (वडा सदस्य, वडा नं. १८) | [signature] |
| ९५ | श्री कविता कुमारी थारु | सदस्य, (महिला वडा सदस्य, वडा नं. १९) | कविता |
| ९६ | श्री पवित्री देवी रिश्यासन | सदस्य, (दलित महिला वडा सदस्य, वडा नं. १९) | |
| ९७ | श्री निज नारायण राजवंशी | सदस्य, (वडा सदस्य, वडा नं. १९) | [signature] |
| ९८ | श्री लक्ष्मण सरदार | सदस्य, (वडा सदस्य, वडा नं. १९) | [signature] |
| ९९ | श्री राजेन्द्र पराजुली | सचिव | [signature] |
| १०० | श्री दिपक पौडेल | कार्यालय व्यवस्थापन | [signature] |
| १०१ | श्री अर्जुन थपलिया | " " | [signature] |
| १०२ | श्री सरोज कुमार गौतम | " " | [signature] |
| १०३ | श्री कृष्ण भट्टराई | " " | [signature] |
| १०४ | श्री संजिव कुमार भट्टराई | " " | [signature] |
| १०५ | श्री शारदा थपलिया | " " | [signature] |
| १०६ | श्री अर्जुन थापा | " " | [signature] |
| १०७ | श्री उर्मिला न्यौपाने | " " | [signature] |
| १०८ | श्री दिलिप कु. यादव | " " | [signature] |
| १०९ | श्री राजन पौडेल | " " | [signature] |
| ११० | श्री यादव श्रेष्ठ | " " | [signature] |
| १११ | अर्चना कु. कर्ण | " " | [signature] |
| ११२ | श्री डिक प्रसाद घिमिरे | " " | [signature] |
| ११३ | श्री अशोक गुप्ता | " " | [signature] |

Scanned with CamScanner

विराटनगर महानगरपालिका, नगर सभाको चौधौं अधिवेशनको मिति २०८१/०३/१० मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पारित गरियो। |
| २ | आ.व.२०८१/०८२ को बजेट तथा वार्षिक विकास कार्यक्रम सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०८१/०८२ को बजेट (अनुमानित आय-व्यय) तथा वार्षिक विकास कार्यक्रम सभामा प्रस्तुत भई छलफल गरी रु.३,४९,९८,८६,०००।० बराबरको बजेट तथा वार्षिक विकास कार्यक्रम पारित गरियो। |
| ३ | विनियोजन विधेयक, २०८१ सम्बन्धमा। | विराटनगर महानगरपालिकाको विनियोजन विधेयक, २०८१ पारित गरियो। |
| ४ | आर्थिक विधेयक, २०८१ सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आर्थिक विधेयक, २०८१ पारित गरियो। |
| ५ | न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा। | न्यायिक समितिको चालु आ.व.२०८०/०८१ को जेठ महिनासम्मको प्रतिवेदन सभामा प्रस्तुत भएकोमा उक्त प्रतिवेदन अनुमोदन गरियो। |
| ६ | विषय क्षेत्रगत समितिहरूको प्रतिवेदन सम्बन्धमा। | चालु आ.व.२०८०/०८१ को जेठ महिनासम्मको विभिन्न विषय क्षेत्रगत समितिको सभामा पेश भएको प्रतिवेदनहरू अनुमोदन गरियो। |
| ७ | संगठन तथा सर्वेक्षण प्रतिवेदन अद्यावधिक सम्बन्धमा। | विराटनगर महानगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन एवम् सो बमोजिमको सङ्गठन संरचना तथा दरबन्दी तेरिजको संशोधन स्वीकृत गरी अद्यावधिक गर्ने निर्णय गरियो। |
| ८ | नगर प्रहरी ऐन, २०८० को संशोधन सम्बन्धमा। | विराटनगर महानगरपालिकाको नगर प्रहरी ऐन, २०८० को पहिलो संशोधन विधेयक, २०८१ पारित गरियो। |
| ९ | नगर कार्यपालिका बैठकको निर्णय अनुमोदन सम्बन्धमा। | आ.व.२०८०/०८१ मा सम्वत् २०८० साल फागुन महिनादेखि मिति २०८१ असार ७ सम्ममा बसेका नगर कार्यपालिका बैठकको बैठक संख्या ५ देखि ७ सम्मका बैठकका निर्णयहरूलाई अनुमोदन गरियो। साथै, नगर सभामार्फत गर्नुपर्ने केही महत्वपूर्ण निर्णयहरू तत्कालै गरी कार्यान्वयन गर्नुपर्ने अवस्था सिर्जना भएकाले सभाबाट अनुमोदन हुनेगरी विभिन्न मितिमा बसेको नगर कार्यपालिकाको बैठकबाट गरिएका अनुसूची-१ बमोजिमका निर्णयहरूको समेत अनुमोदन गरियो। |
| १० | योजना/कार्यक्रम संशोधन, रकमान्तर, स्रोतान्तर तथा कर छुट अनुमोदंन सम्बन्धमा। | आवश्यकता बमोजिम नगर कार्यपालिकाबाट विभिन्न मितिमा गरिएको आ.व.२०८०/०८१ को स्वीकृत योजना/कार्यक्रमको संशोधन, रकमान्तर, स्रोतान्तर, शीर्षकान्तर गरी गरिएको खर्च एवम् कर छुटलाई अनुमोदन गरियो। |
| ११ | प्रमुख तथा कार्यालयबाट भएका निर्णयहरूको अनुमोदन सम्बन्धमा। | विराटनगर महानगरपालिकाबाट आ.व.२०८०/०८१ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा रहेर प्रमुखबाट निर्णय गराई कार्यान्वयनमा आएका पुँजीगत एवम् चालुतर्फका कार्यक्रम तथा योजनाहरूमा भएको खर्च अनुमोदन |

Scanned with CamScanner

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| | | गरियो। साथै, विभिन्न मितिमा प्रमुख तथा कार्यालयबाट भएका निर्णयहरूलाई अनुमोदन गरियो। |
| १२ | संघसंस्था अनुदान तथा खेलकुद कार्यक्रमतर्फका कार्यक्रमहरूको अनुमोदन सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०८०/०८१ का लागि स्वीकृत बजेट तथा कार्यक्रमको संघसंस्था अनुदानतर्फ अन्य संघसंस्था चालु अनुदान शीर्षकमा विनियोजित रकम र खेलकुद विकास कार्यक्रमतर्फको खेलकुद कार्यक्रम सहयोग शीर्षकमा विनियोजित रकमबाट कार्यालयको विभिन्न मितिको निर्णानुसार गरिएको अनुसूची-२ बमोजिमको कार्यक्रम तथा खर्चलाई अनुमोदन गरियो। |
| १३ | विकास निर्माण कार्यमा जनसहभागिताको हिस्सा निर्धारण सम्बन्धमा। | आ.व.२०८१/०८२ का लागि महानगरपालिकाले सञ्चालन गर्ने विकास निर्माण आयोजनाहरूको जनसहभागिताको हिस्साका सम्बन्धमा सङ्घीय तथा प्रदेश सरकारका सशर्त कार्यक्रममा तोकिएको हकमा सोही बमोजिम जनसहभागिता हुने र अन्य सम्पूर्ण आयोजनाको हकमा निम्न बमोजिम जनसहभागिता कायम गर्ने निर्णय गरियो। |

| क्र.सं. | जनसहभागिताको अंश | कामको प्रकृति/क्षेत्र |
|---|---|---|
| १ | शून्य वा स्वेच्छिक | मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा लगायत धार्मिक स्थल, श्मसान घाट |
| २ | ०-५ प्रतिशत | सामुदायिक र परम्परागत धार्मिक विद्यालय (गुरुकुल, मदरसा) – नगर शिक्षा समितिको निर्णयानुसार हुने। |
| ३ | १० प्रतिशत | वडा कार्यालय भवन, गरिब तथा विपन्न समुदायहरूको आवास निर्माण (जन-श्रमदानको योगदान रहने) |
| ४ | १५ प्रतिशत | पिच, आर.सि.सि., पि.सि.सि., नाला, भवन, इँटा जोड्ने कार्य, सडकमा टायल, ट्रष भवन |
| ५ | २० प्रतिशत | सडक ग्राभेल |
| ६ | ३० प्रतिशत | कच्ची सडक, माटोको कार्य |

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १४ | योजना/कार्यक्रमहरूको दायित्व सार्ने सम्बन्धमा। | चालु आ.व.२०८०/०८१ मा सञ्चालित केही योजना/कार्यक्रमहरू अनुमान अनुसारको आय सङ्कलन हुन नसकी स्रोत अभाव भएको लगायत विविध कारणले समयमा सम्पन्न हुन नसकेको हुँदा उक्त योजना/कार्यक्रमहरूको २०८१ साल मंसिर मसान्तसम्म कार्यान्वयन सम्पन्न गर्नेगरी म्याद थप गर्ने र उक्त योजना/कार्यक्रमहरूको आगामी आ.व.२०८१/०८२ मा दायित्व सारी लैजाने सर्वसम्मतिले निर्णय गरियो। |

Scanned with CamScanner

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको ब्यहोरा</th></tr>
<tr><td>१५</td><td>योजना/कार्यक्रम कार्यान्वयन अवधि सम्बन्धमा।</td><td>आ.व.२०८१/०८२ का योजना/कार्यक्रमहरूको कार्यान्वयनका लागि २०८२ बैशाख मसान्तसम्म सम्झौता गरिसक्ने र असार १५ गतेभित्र भुक्तानीका लागि पेश गरिसक्ने निर्णय गरियो।</td></tr>
<tr><td>१६</td><td>जाँचपास तथा फरफारक सम्बन्धमा।</td><td>आ.व.२०८०/०८१ मा विराटनगर महानगरपालिकाबाट सञ्चालित योजनाहरूको अनुगमन तथा सुपरीवेक्षण समितिबाट मूल्याङ्कन र प्रतिवेदन गरी भएको जाँचपास तथा फरफारक कार्यलाई अनुमोदन गरियो।</td></tr>
<tr><td>१७</td><td>सङ्घीय विशेष अनुदान कार्यक्रम सम्बन्धमा।</td><td>आगामी आ.व.२०८२/०८३ का लागि सङ्घीय विशेष अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरू छनौट गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>वडा नं.</th></tr>
<tr><td>१</td><td>जेष्ठ नागरिक अस्पताल निर्माण</td><td>५</td></tr>
<tr><td>२</td><td>अटिजम केन्द्र भवन निर्माण</td><td></td></tr>
</table></td></tr>
<tr><td>१८</td><td>सङ्घीय समपुरक अनुदान कार्यक्रम सम्बन्धमा।</td><td>आगामी आ.व.२०८२/०८३ का लागि सङ्घीय समपुरक अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरू छनौट गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>वडा नं.</th></tr>
<tr><td>१</td><td>पुरानो वडा कार्यालयबाट नयाँ वडा कार्यालयसम्म जाने बाटो निर्माण</td><td>४</td></tr>
<tr><td>२</td><td>सामुदायिक भवनदेखि मानव सेवा आश्रम जाने बाटो निर्माण</td><td>५</td></tr>
<tr><td>३</td><td>पिपल मार्गमा नाला तथा पिच निर्माण</td><td>८</td></tr>
<tr><td>४</td><td>धुधुवा पैनी किनारमा सडक निर्माण</td><td>११</td></tr>
<tr><td>५</td><td>मिलन चोक दक्षिण नाला तथा बाटो निर्माण</td><td>१९</td></tr>
<tr><td>६</td><td>आर्य चोकबाट सुगर मिलको पछाडिको सडक मर्मत</td><td>१६</td></tr>
</table></td></tr>
<tr><td>१९</td><td>प्रदेश समपुरक अनुदान कार्यक्रम सम्बन्धमा।</td><td>आगामी आ.व.२०८२/०८३ का लागि प्रदेश समपुरक अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरू छनौट गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>वडा नं.</th></tr>
<tr><td>१</td><td>खारजी चोकबाट पश्चिम जाने बाटो निर्माण</td><td>४</td></tr>
<tr><td>२</td><td>ओमसुन्दर मार्ग मावन सेवा आश्रमसम्म जाने बाटो</td><td>५</td></tr>
<tr><td>३</td><td>हाटखोला खेल मैदानमा प्यारापिट निर्माण</td><td>८</td></tr>
<tr><td>४</td><td>बालगोपाल मार्ग कालोपत्रे</td><td>८</td></tr>
<tr><td>५</td><td>लेखनाथ मार्ग सडक निर्माण</td><td>१२</td></tr>
<tr><td>६</td><td>वडा नं. १४ र १८ को सिमाना हुँदै जहदा जाने बाटोमा नाला तथा बाटो निर्माण</td><td>१४/१८</td></tr>
<tr><td>७</td><td>दुर्गा मन्दिर दक्षिण काठेपुल हुँदै महेशपुर जाने बाटो</td><td>१९</td></tr>
</table></td></tr>
<tr><td>२०</td><td>घरनक्सा संसोधन दस्तुर, जरिवाना र म्याद थप दस्तुर सम्बन्धमा।</td><td>नियमानुसार घरनक्सा दर्ता भएका तर त्यसपछिका प्रकृया पालना नगरी समय गुजारेका पुराना फायलहरुको हकमा नक्सापास गराउन आउँदा पूर्वतिरेको क्षेत्रफल बराबरको राजस्व घटाई बाँकी रहेको क्षेत्रफल चालु</td></tr>
</table>

Scanned with CamScanner

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | आर्थिक वर्षको दररेट अनुसार हिसाब मिलान गर्दा २० प्रतिशत संशोधन दस्तुर १०० प्रतिशत जरिवाना र २० प्रतिशत म्याद थप दस्तुर लिई नियमानुसार नक्सापास गर्ने निर्णय गरियो। |
| २१ | पुराना घरहरूको संशोधित नक्सा सम्बन्धमा। | महानगरपालिकाबाट इजाजत लिई निर्माण सम्पन्न गरेका पुराना घरहरू स्वीकृत सडक मापदण्ड बमोजिम सडक अधिकार छाडेर संशोधित नक्शा पेश गरेमा महानगरपालिकाले नक्शा संशोधन दस्तुर छुट गर्ने साथै त्यस्ता पूनर्निर्मित पुराना घरहरुको हकमा सेटब्याक समेत नलाग्ने निर्णय गरियो। |
| २२ | सडक मापदण्डभित्र परेका घर भत्काई नयाँ घर बनाउने सम्बन्धमा। | सडक मापदण्डभित्र परेका तर महानगरपालिकाबाट इजाजत लिएका पुराना घर भत्काई नयाँ घर बनाएमा साविक इजाजत बराबर क्षेत्रफलको नक्सापास दस्तुर मिनाहा गर्ने निर्णय गरियो। |
| २३ | इजाजत नलिई निर्माण गर्दै गरेका घरहरुको सम्बन्धमा। | इजाजत/अनुमति नलिई घर निर्माण गर्न नपाइने स्पष्ट कानुनी ब्यवस्था भएता पनि उक्त निमयलाई उल्लङ्घन गरी बनाउँदै गरेका घरबारे जानकारी नियमित गर्नको लागि मापदण्ड पूरा हुने खण्डमा ३०० प्रतिशत जरिवाना लिई नियमित गरिने निर्णय गरियो। |
| २४ | कर्मचारी सेवा निरन्तरता सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत हाल अस्थायी तथा करारमा कार्यरत रहेका विभिन्न सेवा तथा तहका कर्मचारीहरू एवम् नगर प्रहरी, सामाजिक परिचालक, प्रमुख/उपप्रमुखको स्वकीय सचिव, प्रेस संयोजक, सूचना प्रविधि अधिकृत लगायतका कार्यरत कर्मचारीहरू तथा कानूनी सल्लाहकारहरूको सेवा करारलाई खाइपाई आएको सेवा-सुविधा उपलब्ध गराउनेगरी २०८२ असार मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो। |
| २५ | कर्मचारी कल्याण कोष ऋण सापटी सम्बन्धमा। | अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरूलाई स्थायी कर्मचारीको जमानीमा बढीमा रु.१ लाख र स्थायी कर्मचारीहरूलाई रु.५ लाख कर्मचारी कल्याण कोषबाट ऋण सापट दिदै आएकोलाई निरन्तरता दिने निर्णय गरियो। |
| २६ | कर्मचारीहरूको खाजा भत्ता तथा प्रोत्साहन भत्ता सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका कर्मचारीहरूलाई उपलब्ध गराउँदै आएको मासिक रु.२,५००।० (दुई हजार पाँच सय) खाजा भत्ता एवम् वार्षिक रुपमा उपलब्ध गराउँदै आएको प्रोत्साहन भत्ता रु.५,०००।० (पाँच हजार) लाई निरन्तरता दिने निर्णय गरियो। |
| २७ | कर्मचारी अतिरिक्त भत्ता सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयका महाशाखा, शाखा, उपशाखा र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यालय समय बाहेक अतिरिक्त समयमा काममा खटाउँदा देहाय अनुसारको सुविधा उपलब्ध गराउने निर्णय गरियो।<br>(क) प्रमुखको सवारी चालकलाई मासिक तलबको ५० प्रतिशत।<br>(ख) उप-प्रमुखको सवारी चालकलाई मासिक तलबको ५० प्रतिशत।<br>(ग) प्रमुख प्रशासकीय अधिकृतको सवारी चालकलाई मासिक तलबको ५० |

Scanned with CamScanner

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
| --- | --- | --- |
| | | प्रतिशत।<br>(घ) प्रमुखको निजी सुरक्षाकर्मीलाई मासिक रु.१४,५००।- र उपप्रमुखको निजी सुरक्षाकर्मीलाई मासिक रु.१२,०००।-<br>(ङ) अन्य कर्मचारीहरूको हकमा कार्यालय समय बाहेक अतिरिक्त समय खटाउनुपर्ने भए सम्वन्धित शाखा/महाशाखाको सिफारिसको आधारमा सामान्य प्रशासन महाशाखा प्रमुखले प्राप्त सिफारिसको औचित्य र आवश्यकताको विश्लेषण गरी प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति पश्चात बढीमा मासिक सुरु तलबमानको २५ प्रतिशतले अतिरिक्त समय भत्ता उपलब्ध गराउने।<br>(च) आवश्यक सेवाको उल्लिखित बाहेकको हकमा नगर कार्यपालिकाबाट स्वीकृति लिई अधिकतम मासिक सुरु तलवमानको ५० प्रतिशतसम्म भत्ता उपलब्ध गराउन सकिने।<br>(छ) प्रमुख र उपप्रमुखको सचिवालयमा कार्यरत २/२ जना कर्मचारीलाई मासिक तलवको ५० प्रतिशत भत्ता। |
| २८ | प्रमुख प्रशासकीय अधिकृतको सुविधा सम्बन्धमा। | प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको आवास सुविधा, सञ्चार सुविधालाई निरन्तरता दिइने तथा संघीय सरकारबाट स्वीकृत सवारीसाधन (संचालन तथा मर्मत) सम्बन्धी निर्देशिका २०७२ बमोजिम पाउने सुविधा दिने निर्णय गरियो। |
| २९ | कर सङ्कलन सम्बन्धमा। | कानूनद्वारा निर्दिष्ट स्थानीय तहको वित्तीय अधिकारक्षेत्र बमोजिम भूमिकर (मालपोत), सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर लगायत अन्य विविध प्रकारका कर, शुल्क तथा दस्तुर सङ्कलन गर्ने कार्य वडा कार्यालयमार्फत भइरहेकोमा सोलाई निरन्तरता दिने र राजस्व सङ्कलनका लागि विगतमा साङ्ग्रिला इन्फरमेटिक्स प्रा.लि.को सफ्टवेयर प्रयोग भइरहेकोमा आ.व.२०८०/०८१ देखि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत समेत राजस्व सङ्कलन गर्दै आएकोमा पूर्ण रुपमा SuTRA प्रयोगमा नआएसम्म साङ्ग्रिला इन्फरमेटिक्स प्रा.लि.को सफ्टवेयरबाट समेत कर सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो। |
| ३० | धरौटी सदरस्याहा सम्बन्धमा। | विराटनगर महानगरपालिकाको धारा जडान धरौटी, एक्साभेटर, रोलर प्रयोग वापतको धरौटी जम्मा गरेको मितिले ६ महिनाभित्र फिर्ता नलिएमा सदरस्यांहा गर्ने निर्णय गरियो। |
| ३१ | नक्सा पास तथा अभिलेखिकरण नगरेका संरचनाहरूलाई करको दायरामा ल्याउने सम्बन्धमा। | नियमानुसार नक्सा पास तथा अभिलेखिकरण नगरेका संरचनाहरूलाई समेत करको दायरामा ल्याउन कर प्रयोजनका लागि र सोको अभिलेख राख्न प्राविधिकबाट स्थलगत नापजाँच गरी/गराई सो बमोजिम सम्पत्तिकर लिने र उक्त संरचनामा व्यवसाय दर्ता तथा सञ्चालन गर्न अनुमति दिने एवम् वहाल कर समेत लिने निर्णय गरियो। |
| ३२ | ट्राफिक आइल्याण्ड तथा बस बिसौनी सम्वन्धमा। | विराटनगर महानगरपालिका र आकृति एड्भरटाइजिङबिच ट्राफिक आइल्याण्ड तथा बस बिसौनी निर्माण गर्ने सम्झौता भएकोमा निर्माण भएका नौ वटा संरचनाको उक्त सम्झौता अनुसार तोकिएको दर (प्रति गोटा |

Scanned with CamScanner

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ३५,०००।० वार्षिक) मा आ.व. २०८१/०८२ का लागि रोयल्टी असुल गर्ने निर्णय गरियो। साथै, जिल्ला प्रशासन कार्यालय, मोरङको दक्षिणतर्फ रहेका सटरकवलहरू हालका वहालमा लिइरहेकाहरूलाई साविककै भाडादरमा आ.व.२०८१/०८२ को लागि वहाल निरन्तरता दिने निर्णय गरियो। |
| ३३ | रु.६० लाखभन्दा बढीको सम्पत्ति मूल्याङ्कनमा कर छुट सम्बन्धमा। | आ.व.२०८१/०८२ का लागि रु.६० लाख भन्दा बढीको सम्पत्ति मूल्याङ्कन भएमा नियमानुसार लाग्ने सम्पत्तिकरमा २ प्रतिशत छुट दिने निर्णय गरियो। |
| ३४ | पदाधिकारी तथा कर्मचारीहरूका लागि नक्सा पास दस्तुर छुट सम्बन्धमा। | विराटनगर महानगरपालिकाका बहालवाला पदाधिकारी (जनप्रतिनिधि) तथा कर्मचारीहरूलाई आवासीय प्रयोजनका लागि निर्माण गर्ने घर/भवनमा एकपटकका लागि पचास प्रतिशत नक्सा पास दस्तुर छुट दिने निर्णय गरियो। |
| ३५ | सम्पत्ति मूल्याङ्कन फरक परी असुल भएको करको समायोजन तथा बाँकि बक्यौता सरह असुलउपर गर्ने सम्बन्धमा। | महानगरपालिकाबाट सम्पत्ति मूल्याङ्कन गर्दा गत आ.व.हरूमा भुलवश कम वा बढी मूल्याङ्कन भई नियमानुसार लिनुपर्ने भन्दा बढी कर असुल भएको भए आ.व.२०८१/०८२ को सम्पत्ति करमा समायोजन गर्ने र सम्बन्धित करदाताले सम्पत्ति मूल्याङ्कन फाराममा कम सम्पत्ति देखाई कम मूल्याङ्कनको कर असुल भएको भए बाँकी बक्यौता सरह कम भएको रकम असुलउपर गर्ने निर्णय गरियो। |
| ३६ | कृषि क्षेत्र र गैह्रकृषि क्षेत्रको कर सङ्कलन सम्बन्धमा। | विराटनगर महानगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण भई कृषि क्षेत्र र गैह्रकृषि क्षेत्र कायम गरिएकोमा आ.व.२०८१/०८२ को सम्पत्ति मूल्याङ्कन गर्दा गैह्रकृषिक्षेत्रलाई आवासीय क्षेत्र मानी सम्पत्ति मूल्याङ्कन गरी सम्पत्तिकर तथा भूमिकर (मालपोत) असुल गर्ने निर्णय गरियो। |
| ३७ | कृषि सम्बन्धी सिफारिस सम्बन्धमा। | कृषकहरूको सहुलियतका लागि महानगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूबाट कृषि सम्बन्धी सिफारिस गर्दा निःशुल्क गर्ने निर्णय गरियो। |
| ३८ | जग्गा वहालमा लिई संरचना निर्माण गरेर उद्योग-व्यवसाय सञ्चालन गर्नेका लागि कर सम्बन्धमा। | कुनै व्यक्ति वा संस्थाले जग्गा वहालमा लिई संरचना निर्माण गरेर उद्योग-व्यवसाय सञ्चालन गरेको भएमा जग्गाको मात्र वहाल कर लिने र उक्त संरचनाको सम्पत्ति कर लिने निर्णय गरियो। |
| ३९ | सम्पत्ति मूल्याङ्कनका लागि संरचना निर्माण भएको मिति सम्बन्धमा। | सम्पत्ति कर प्रयोजनार्थ महानगरपालिकाबाट जारी निर्माण सम्पन्न प्रमाणपत्रमा उल्लिखित संरचना निर्माण भएको मितिलाई आधार मानी सम्पत्ति मूल्याङ्कन गर्ने निर्णय गरियो। |
| ४० | निर्माण सम्पन्न प्रमाणपत्र जारी नभई संरचना प्रयोग गर्नेका लागि कर सम्बन्धमा। | नक्सा पास प्रक्रिया तथा निर्माणको चरणमा रहेका वा निर्माण सम्पन्नका लागि म्याद समेत थप गरेका तर संरचनाको निर्माण सम्पन्न प्रमाणपत्र जारी नभई आवासीय तथा व्यावसायिक प्रयोजनमा रहेको पाइएमा सो बमोजिम संरचना प्रयोगमा आएको मितिदेखि अवस्था प्रमाणित गरी कर असुल गर्ने निर्णय गरियो। |
| ४१ | विद्युत खम्बाको वार्षिक शुल्क तथा नेटवर्किङ तारको वहाल | महानगरपालिका क्षेत्रभित्र नेपाल विद्युत प्राधिकरणको विद्युत खम्बा प्रति गोटा वार्षिक शुल्क रु.३५०।- लिने र विभिन्न निकायले नेटवर्किङ लगायतको |

Scanned with CamScanner

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
| --- | --- | --- |
| | कर सम्बन्धमा। | तार टाँग्न उक्त खम्बाहरू प्रयोग गरे वापतको रकममा वार्षिक दश प्रतिशत वहाल कर असुल गर्ने निर्णय गरियो। |
| ४२ | नगर क्षेत्रभित्र जथाभावी रहेका होर्डिङ बोर्ड व्यवस्थापन सम्बन्धमा। | जथाभावी होर्डिङ बोर्ड राख्दा नगरको सौन्दर्य समेत बिग्रिएको हुँदा विराटनगर महानगरपालिका क्षेत्रमा राख्ने सबै किसिमका सूचना-पाटी महानगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र राख्न दिने व्यवस्था मिलाउने र पुराना तथा जीर्ण भएका होर्डिङ बोर्डहरूलाई हटाउने निर्णय गरियो। |
| ४३ | कोशी राजमार्ग अन्तर्गतको रानी-विराटनगर सडकखण्डको दायाँबायाँ क्षेत्रमा कवाडीजन्य व्यवसाय निषेध गर्ने सम्बन्धमा। | कोशी राजमार्ग अन्तर्गतको रानी-विराटनगर सडकखण्ड संवेदनशील एवम् विदेशी आगन्तुक आवतजावत गर्ने मुख्य सडक समेत भएकोले उक्त सडकखण्डको रानी सीमा-नाकादेखि पहडगछ ढाटसम्मको सडकको दायाँबायाँ क्षेत्रमा कवाडीजन्य व्यवसाय गर्न निषेध गर्ने र हाल उक्त क्षेत्रमा सञ्चालनमा रहेका व्यवसायलाई सो क्षेत्रबाट हटाउने निर्णय गरियो। |
| ४४ | खाली जग्गामा फालिने फोहोरको व्यवस्थापन सम्बन्धमा। | महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति, संस्था वा कम्पनीको स्वामित्वमा रहेको जग्गा खाली भई सो स्थानमा फोहोर फालेको पाइएमा स्वयं जग्गाधनीले फोहोरको सफाई गर्नुपर्ने र यदि जग्गाधनीले सफाई नगरेमा महानगरपालिकाले सफाई गरी सफाई गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित जग्गाधनीबाट असुलउपर गर्ने निर्णय गरियो। |
| ४५ | व्यवसाय सञ्चालनका लागि सरसफाई सदस्यता अनिवार्य गर्ने सम्बन्धमा। | महानगरपालिकामा व्यवसाय दर्ता तथा नवीकरण गर्दा सरसफाई सदस्यता कार्ड अनिवार्य गर्ने निर्णय गरियो। |
| ४६ | विद्यार्थी दिवा खाजा रकम थप गर्ने सम्बन्धमा। | विराटनगर महानगरपालिका अन्तर्गत सञ्चालित सार्वजनिक विद्यालयमा कक्षा १-५ का लागि सङ्घीय सरकारबाट प्राप्त हुँदै आएको दिवा खाजाको रकममा महानगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्नेगरी १८० दिनका लागि प्रतिदिन प्रति विद्यार्थी रु.५। (पाँच रुपैयाँ) थप गरी सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो। |
| ४७ | सामुदायिक तथा परम्परागत विद्यालयहरूमा सञ्चालन गरिने योजना र कार्यक्रम सम्बन्धमा। | आगामी आ.व.२०८१/०८२ मा सामुदायिक र परम्परागत धार्मिक विद्यालय (गुरुकुल, मदरसा) हरूलाई विभिन्न कार्यक्रम सञ्चालनका लागि उपलब्ध गराइने बजेट अनुदानको रुपमा निकासा दिने र निर्माण सम्बन्धी कार्यक्रमको हकमा खर्च र प्राविधिकको कार्य मूल्याङ्कनको आधारमा किस्तामा अनुदान निकासा दिने निर्णय गरियो। त्यस्तो कारोबारको आर्थिक लेखा परिक्षण विद्यालयमा नै हुने हुँदा कार्यप्रगति र कार्यसम्पन्न प्रतिवेदन महानगरपालिकामा पेश गर्न लगाउने निर्णय गरियो। |
| ४८ | संघसंस्था अनुदान खर्च सम्बन्धमा। | संघसंस्था अनुदान वापत दिइएको रकमबाट तलब, भत्तामा खर्च गर्न नपाइने निर्णय गरियो |
| ४९ | संघसंस्थागत चालुतर्फका कार्यक्रमहरूलाई पुँजीगततर्फ खर्च गर्ने सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश भएका संघसंस्थागत चालु खर्चतर्फका कार्यक्रमहरूमध्ये सम्बन्धित संस्थाले पुँजीगततर्फ खर्च गर्न चाहेमा खर्च गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो। |

Scanned with CamScanner

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| ५० | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजनाको म्याद थप सम्बन्धमा। | विराटनगर महानगरपालिका र UNFPA को लागत साझेदारीमा आ.व. २०७८/०७९ देखि आ.व. २०८०/०८१ सम्मका लागि सञ्चालनमा रहेको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजनालाई आ.व. २०८१/०८२ देखि आ.व. २०८३/०८४ सम्मका लागि म्याद थप गरी सञ्चालन गर्ने निर्णय गरियो। |
| ५१ | महिला स्वास्थ्य स्वयंसेविकाहरूको यातायात खर्च सम्वन्धमा। | विराटनगर महानगरपालिकाका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई साविकमा मासिक रु.१,०००।- का दरले यातायात खर्च उपलव्ध गराउँदै आइएकोमा आगामी आ.व.२०८१/०८२ मा सोमा रु.५००।- थप गरी प्रति महिना जम्मा रु.१,५००।- का दरले यातायात खर्च उपलव्ध गराउने निर्णय गरियो। |
| ५२ | सुरक्षित आप्रवासन (SaMi) परियोजना सम्वन्धमा। | सुरक्षित आप्रवासन (SaMi) परियोजनाको वैदेशिक दातृ निकायसँगको सम्झौता अवधि समाप्त भएकोले आगामी आ.व.२०८१/०८२ का लागि सशर्त अनुदान अन्तर्गत नेपाल सरकारवाट प्राप्त बजेट तथा कार्यक्रम अन्य सङ्घीय सशर्त अनुदानका कार्यक्रम सरह महानगरपालिकावाट सञ्चालन गर्ने निर्णय गरियो। |
| ५३ | वडा कार्यालयवाट आर्थिक कारोवार सञ्चालन गर्ने सम्वन्धमा। | नगर सभाबाट स्वीकृत वडास्तरीय योजना/कार्यक्रम तथा वजेटको आर्थिक कारोबार (लेखा) सम्वन्धित वडा कार्यालयवाट सञ्चालन भइरहेकोमा सोलाई निरन्तरता दिने निर्णय गरियो। |
| ५४ | आय-व्ययको अनुमोदन सम्वन्धमा। | आ.व.२०८०/०८१ को हालसम्म भएका आय-व्ययहरूको अनुमोदन गरियो। |
| ५५ | वेरुजु नियमित गर्ने सम्वन्धमा। | महालेखापरीक्षकको कार्यालयले औंल्याएका वेरुजु सम्वन्धमा अर्थ तथा सार्वजनिक लेखा समितिको सिफारिस अनुसार अनुसूची-३ बमोजिम नियमित गर्ने निर्णय गरियो। |
| ५६ | उपभोक्ता समिति तथा संघ-संस्थामार्फत सञ्चालन हुने योजना/कार्यक्रमहरूको जनसहभागिता वापतको रकम जम्मा सम्वन्धमा। | उपभोक्ता समिति तथा संघसंस्थामार्फत सञ्चालन हुने योजना/कार्यक्रमहरूको जनसहभागिता वापतको रकम महानगरपालिकाको खातामा जम्मा हुने गरेकोमा आ.व.२०८१/०८२ देखि उपभोक्ता समिति/संघ-संस्थाकै खातामा जम्मा गराई योजना/कार्यक्रम सञ्चालन गर्ने/गराउने निर्णय गरियो। |

Scanned with CamScanner